# लिखु तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## धोबी बजार, रामेछाप

बागमती प्रदेश, नेपाल

(विज्ञापन नं. ०२/२०८१/०८२ - प्रथम पटक प्रकाशित मितिः- २०८१/०५/०६)

## स्वयंसेवी गणक आवश्यकता सम्बन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७५ (पहिलो संशोधन २०७८ समेत) को दफा २ (ढ) तथा दफा ८.३ को (ञ) अनुसूची-९ बमोजिम लिखु तामाकोशी गाउँ कार्यपालिकाको मिति २०८१/०४/३१ को निर्णयानुसार **एकीकृत वस्तुस्थिति विवरण (Integrated Local Government Profile-ILG Profile)** तयार गर्नु पर्ने भएकोले निम्नानुसारको शर्त तथा बन्देजहरुको अधीनमा रही स्वयंसेवी गणक हुन इच्छुक यस लिखु तामाकोशी गाउँपालिका स्थायी ठेगाना भएका तपसिलको न्यूनतम योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (१५ औं दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन) रीतपूर्वक दरखास्त आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्त/बन्देजहरुः**

**१. आवश्यक माग सङ्ख्याः-** प्रत्येक वडाबाट २ (दुई) जनाको दरले जम्मा १४ (चौध) जना।

**२. आवेदन दिने स्थानः-** लिखु तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप वा likhutamakoshi@gmail.com मा वा ९८६११८६६६० WhatsApp मा समेत आवश्यक सम्पूर्ण कागजात स्क्यान गरी दरखास्त आवेदन पेश गर्न सकिनेछ। आवेदन फाराम गाउँपालिकाको अफिसियल Website वा गाउँपालिकाको आधिकारिक अफिसियल Facebook Page बाट समेत डाउनलोड गर्न सकिनेछ।

**३. आवेदन दस्तुरः-** रु.२००।– (अक्षरुपी दुई सय मात्र)

**४. दस्तुर बुझाउने स्थान/प्रक्रियाः-** नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि., लिखु तामाकोशी शाखामा रहेको ग १.१ आन्तरिक राजस्व खाता नं. ०७००१४००२५००१६ मा नगद जम्मा गरी आवेदन दस्तुर दाखिला गरेको सक्कलै बैंक भौचर कार्यालयमा आई वा उक्त भौचर स्क्यान गरी likhutamakoshi@gmail.com मा वा ९८६११८६६६० WhatsApp मा दरखास्त साथ पेश गर्नु पर्नेछ।

**५. शैक्षिक लगायत अन्य आवश्यक योग्यताः-**

**(क)** प्रविणता प्रमाण पत्र तह वा १२ कक्षा वा सो सरह उत्तीर्ण भएको हुनु पर्नेछ।

**(ख)** आफ्नै एन्ड्रोइड स्मार्ट मोबाइल फोन सेट भएको हुनु पर्नेछ।

**(ग)** युनिकोड नेपाली टाइपिङ्गमा दक्षता प्राप्त भएको हुनु पर्नेछ।

**६. उमेरः-** पुरुष उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष उमेर ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष उमेर पूरा भई ४० वर्ष उमेर ननाघेको हुनु पर्नेछ।

**७. छनौट परीक्षाको किसिमः-** प्रयोगात्मक र अन्तर्वार्ता।

**८. सेवा करार अवधिः-** करार सम्झौताको मितिदेखि ३ (तीन) महिनासम्म।आवश्यक अनुसार सेवा करार थप गर्न सकिनेछ।

**९. स्वयंसेवी सेवा सुविधाः-** गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि, २०७५ (पहिलो संशोधन २०७८) बमोजिम।

**१०. काम गर्नु पर्ने स्थानः-** लिखु तामाकोशी गाउँपालिकाको सम्बन्धित वडाको घरधुरीहरु।

**११. छनौट परीक्षा मिति, समय र स्थानः-** दरखास्त आवेदन पेश गर्ने अन्तिम दिनको भोलिपल्ट १६ औं दिन कार्यालय समयमा फोन मार्फत जानकारी गराइनेछ। (दरखास्त फाराममा सम्पर्क नं. अनिवार्य राख्नु पर्नेछ।)

**१२.** माथि उल्लेखित रीतपूर्वक पेश हुन नआएका दरखास्त आवेदन उपर कुनै कारबाही हुने छैन।

**१३.** अन्य केही थप जानकारीका लागि ९८६११८६६६० मा कार्यालय समयमा सम्पर्क गरी बुझ्न सकिनेछ।

**१४. दरखास्त आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः-**

**क.** नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

**ख.** शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि

**घ.** कम्प्युटर सम्बन्धी कुनै तालिम/शैक्षिक योग्यता भएमा सो प्रमाण पत्रको प्रतिलिपि

**ङ.** तथ्याङ्क सङ्कलन सम्बन्धी कार्य अनुभव भएमा सो प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

**द्रष्टव्यः-** छनौट परीक्षा अन्तर्वार्तामा सहभागी हुँदा दरखास्त आवेदन साथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातको सक्कल प्रमाण पत्र साथमै लिएर उपस्थित हुनु पर्नेछ। अनुभवी र सम्बन्धित वडामा स्थायी बसोबास गर्ने इच्छुक नेपाली नागरिकलाई विशेष प्राथमिकता दिइनेछ।